फोन नं. : ०६७ ४३०१०२/१०३

फलेवास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

# प्रेस विज्ञप्ती

नेपालमा कोरोना भाइरसको संक्रमण अत्याधिक रुपमा फैलिएको छ । कोरोना भाइरसको दोश्रो लहरका कारण जनताहरु आक्रान्त भई रहेका छन । नगरपालिका क्षेत्रको समुदाय तह सम्म संक्रमण फैलिएको छ । हरेक हप्ता पि.सि.आर र दैनिक रुपमा एन्टिजिन परिक्षण हुंदै आएको छ । नगरपालिकाको वडा नं. २ थापाठाना र वडा नं. ६ देविस्थानमा गरिएको १०२ जनाको परिक्षण गर्दा तपशिलका वडामा देहाय अनुसार ५८ जनामा संक्रमण देखिएको छ । नगर कार्यपालिकाको कार्यालय, नगर अस्पताल, धुलिखेल अस्पताल, स्वास्थ्य चौकीहरुवाट नियमित रुपमा सम्पर्क समन्वय भई रहेको छ संक्रमित व्यक्तिहरु स्वस्थ्य हुनुहुन्छ ।

| वडा नं. | गाउँ | महिला | पुरुष | जम्मा | उमेर |
|---|---|---|---|---|---|
| १ | कार्किनेटा | ० | १ | १ | ४० वर्षका |
| २ | थापाठाना | २ | ३ | ५ | १९ देखि ७४ वर्षका |
| ३ | शंकरपोखरी | ३ | ४ | ७ | २१ देखि ३४ वर्षका |
| ४ | मुडिकुवा | ० | ७ | ७ | १७ देखि ७३ वर्षका |
| ५ | खानीगाउँ | ४ | ३ | ७ | १७ देखि ७१ वर्षका |
| ६ | देविस्थान | १३ | १३ | २६ | १३ देखि ६५ वर्षका |
| ७ | लिमिठाना | १ | २ | ३ | १९ देखि ३३ वर्षका |
| ९ | भंगरा | ० | २ | २ | ३१ र ४१ वर्षका |
| जम्मा | | २३ | ३५ | ५८ | १३ वर्ष देखि ७४ वर्ष सम्मका |

नगरवासीको यस कठिन अवस्थामा नगर प्रमुखको नेतृत्वमा नगर अस्पताल, धुलिखेल अस्पतालका डाक्टर, स्वास्थ्य प्राविधि, सुरक्षाकर्मिहरुको मोवाईल मेडिकल टिम संक्रमण क्षेत्र, समुदाय र घरघरमा पुगि चेकजाँच, स्वास्थ्य उपचार, औषधी वितरण गर्ने कार्य भईरहेको छ । अस्पतालमा भर्ना गर्नु पर्ने विरामीलाई नगर अस्पतालमा राखि उपचार भई रहेको छ ।

वडा नं. ६ को चौविस कुरिया टोल, सात कुरिया टोल, शान्तिचौर टोल क्षेत्रमा संक्रमण दिन प्रति दिन वढ्दै गएको र थप महामारी फैलिन सक्ने हुंदा विशेष सतर्कता अपनाउन, अत्यावश्यक काम वाहेक घरवाहिर ननिस्कन, हिंडडुल नगर्न अनुरोध गर्दछौं । साथै वडा नं. ६ देविस्थानका अन्य टोलहरु, वडा नं. ५ खानीगाउँ, वडा नं. ४ मुडिकुवा क्षेत्रमा समेत कोभिड १९ को संक्रमण व्यापक रुपमा फैलिइ रहेको हुँदा सो क्षेत्रका वासिन्दाहरु समेत अत्यावश्यक काममा वाहेक घरवाट वाहिर नजान, भिडभाड नगर्नु हुन र अन्य वडावासीहरुले कोभिड १९ रोगको रोकथाम र नियन्त्रणका लागि सवैलाई स्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गर्दछौ ।

नगरवासीहरुलाई भौतिक दुरी कायम गर्न, धैर्य रहन, आफु र आफ्नो परिवारको स्वास्थ्यमा ख्याल गर्न, कोभिडको लक्षण देखिएका, होम आइश्युलेसनमा रहँदा असहज अवस्था आएमा वडा कार्यालय, स्वास्थ्य संस्था, नगर अस्पताल, नगर कार्यपालिकाले तोकेका कर्मचारी तथा पदाधिकारीहरुलाई सम्पर्क गर्न नगरवासी आमावुवा दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक अपिल गर्दछौं ।

मिति : २०७८ साल जेष्ठ ९ गते

पदमपाणी शर्मा
नगर प्रमुख

Phone no: 067-430102/430103/430104
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com